नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं ।

सूचना प्रकाशन मिति २०८१/१०/१५

## गहुँ आयात गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

भारत सरकारवाट भारतीय कम्पनी (National Coorperative Experts Limited (NCEL) मार्फत नेपालले आयात गर्न प्राप्त १ लाख मे. टन गहुँ (HS Code 1001) आयात गर्न उद्योगले तपसीलमा उल्लेखित शर्तको अधिनमा रही सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१. प्रचलित कानून बमोजिम उद्योग दर्ता भई सञ्चालनमा रहेको हुनुपर्ने,
२. उद्योगको वार्षिक योजना (Scheme) मा कच्चा पदार्थको रुपमा गहुँ प्रयोग गर्ने उल्लेख हुनुपर्ने,
३. एउटा उद्योगले आफ्नो स्वीकृत वार्षिक योजना (Scheme) को २५ प्रतिशतमा नबढ्ने गरी कम्तीमा ५०० मे.टन आयात गर्नुपर्ने,
४. आयातका लागि National Coorperative Experts Limited (NCEL), India लाई अग्रिम भुक्तानी गर्नुपर्ने हुँदा वित्तिय स्रोतको सुनिश्चतता भएको आधार पेश गर्नुपर्ने,
५. कोटा प्राप्त भए पछि ३ महिनाभित्र गहुँ आयात गरिसक्नुपर्ने ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. आयात गर्न माग गरेको परिमाण स्पष्ट खुलेको निवेदन,
२. उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्रको प्रतिलिपि,
४. आ.ब २०८०/८१ को करचुक्ता प्रमाणपत्र,
५. उद्योगको स्वीकृत वाषिक योजना (Scheme),
६. IEE स्वीकृत गर्नुपर्ने उद्योगको हकमा IEE स्वीकृत भएको पत्र,
७. भारतीय कम्पनी National Coorperative Experts Limited (NCEL), India मार्फत गहुँ आयात गर्ने र अग्रिम भुक्तानी गर्नुपर्ने हुँदा वित्तिय स्रोतको सुनिश्चतता भएको आधार ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं